# उद्योग सुरु गर्नुपूर्व जान्नु पर्ने कुराहरू



युग राज वस्ती

राजनीतिक सङ्क्रमणकालको अन्त्य हुने सङ्केत देखिएका कारण बिस्तारै उद्योगव्यवसायतर्फ युवाहरूको आकर्षण बढ्न थालेको छ । युरोप, अमेरिकालगायतका विकसित राष्ट्रमा मात्र नभई खाडी र मलेसिया नै जानका लागि पनि मरिहत्ते गर्ने युवाहरूमा नेपालमा नै बसेर उद्यम गरे मात्र मुलुक र आफ्नो समुन्नति सम्भव छ भन्ने सोचको विकास हुनु आफैँमा सकरात्मक कुरा पनि हो । वैदेशिक रोजगारीका क्रममा सिकेका प्राविधिक सिपमा आधारित रहेर होस् वा स्थानीय स्तरमा रहेका परम्परागत कलाको प्रयोग गरेर होस् देशका विभिन्न स्थानमा नयाँ उद्योगहरू स्थापना गर्ने लहर नै चलेको छ । यसरी उद्यमशीलतामा समर्पित सुरूवाती प्रयासहरूले मूर्त रूप लिन सकेमा देशको आर्थिक क्षेत्रमा देखिएका विकराल समस्याहरूको समाधानमा ठूलो सहयोग पुग्ने विषय निश्चित छ । तर व्यावसाय सञ्चालनका लागि अत्यावश्यक पूर्व तयारी हुन नसक्दा नवप्रवेशी उद्यमीहरूले असफलता ब्योहर्नु पर्ने अवस्था सिर्जना हुँदै गएमा यसबाट नेपाली युवाहरूमा प्रस्फुटित हुन लागेको उद्यमशीलता सङ्कटमा पर्ने सम्भावना पनि उत्तिकै छ ।

कुनै पनि व्यवसाय जोखिममुक्त हुँदैन तथापि आफ्नो व्यवसायसँग जोडिएका सम्भावित जोखिम र त्यसबाट व्यवसायलाई सुरक्षित राख्न अपनाउनु पर्ने पूर्व सावधानीहरूका बारेमा पर्याप्त तयारी गर्न सकिएको खण्डमा लागनीलाई सुरक्षित गरी मुनाफा आर्जन गर्न सकिन्छ । तसर्थ कुनै पनि नयाँ उद्योग गर्नुपूर्व निम्न विषयमा जानकारी हासिल गर्नु उचित देखिन्छ :

### १. उत्पादनको सही छनोट

वास्तवमा उत्पादनको छनोट कुनै पनि उद्योग स्थापनाको लागि सबैभन्दा महत्त्वपूर्ण चरण हो । यस चरणमा उद्यमीले आफूले उत्पादन गर्न चाहेका सम्भावित वस्तु वा सेवाको लामो सूची तयार गर्नुपर्दछ । बजारमा कुनै वस्तु वा सेवा देखेका भरमा सोही वस्तु उत्पादन गर्ने वा सेवा सञ्चालन गर्ने निष्कर्षमा पुग्नु कदापि उचित हुँदैन किनभने बजारमा वस्तु तथा सेवाको माग हुने वा नहुने भन्ने विषय उद्यामीको भावनाबाट निर्धारण हुन सक्दैन । यसरी सूचीकृत गरिएका वस्तु वा सेवाका सन्दर्भमा तल दिइएका बुँदाहरूका आधारमा विश्लेषणात्मक अध्ययन गरेपछि दुई वा तीन वटा सम्भावित क्षेत्रको छनोट गर्नुपर्दछ ।

### २. प्रतिस्पर्धी वस्तु वा सेवाका बारेमा जानकारी

आफ्ना सम्भावित उत्पादनका बारेमा सामान्य जानकारी प्राप्त गरिसकेपछि उस्तै प्रकृतिका उत्पादनहरू बजारमा केकति छन्, यसबाट आफ्नो उत्पादनको बजारीकरणमा केकस्ता असरहरू पर्न सक्छन् र आफ्नो उत्पादनलाई उपलब्ध प्रतिस्पर्धी उत्पादनभन्दा कुनकुन हिसाबमा बढी राम्रो र मूल्यका हिसाबमा प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा व्यापक अध्ययन गर्नुपर्दछ ।

### ३. व्यवसाय रहने उचित स्थानको छनोट

स्थानको छनोट व्यवसाय सुरु गर्नका लागि आवश्यक पर्ने अर्को महत्त्वपूर्ण पूर्वसर्त हो । भौगोलिक हिसाबमा सुरक्षित र यातायातको दृष्टिकोणबाट सुगम स्थानमा मात्र उद्योगहरू फस्टाउन सक्छन् । यसका साथै प्रायजसो उद्योगहरू सञ्चालन गर्दा कुनै न कुनै हिसाबको प्रदूषण हुन सक्ने हुनाले बाक्लो बस्तीबाट उद्योगलाई टाढै स्थापना गर्नु बुद्धिमानी हुन्छ । त्यसै गरी विद्युत्को सहज उपलब्धता, पानी तथा ढल निकासको सुविधा, सुरक्षानिकायसम्मको पहुँच आदि जस्ता विषयमा पनि उद्योग स्थापना पूर्व विचार गर्नै पर्ने हुन्छ ।

### ४. लक्षित ग्राहक

कुनै पनि वस्तु तथा सेवाको उत्पादन गर्नु पूर्व कसका लागि आफूले उत्पादन गर्न खोजेको हो भन्ने विषयमा पनि उद्यमी जानकार रहनुपर्दछ । सम्भावित

ग्राहकको भौगोलिक वितरण, ग्राहकसम्म पुग्नको लागि आवश्यक उपायहरू, सम्भावित ग्राहकहरूको उमेर आदि विषयमा जानकार रहन सकेमा मात्र उनीहरूलाई आफ्ना उत्पादनहरूका बारेमा जानकारी गराउन वा इच्छुक व्यक्तिलाई आफ्ना उत्पादन उपलब्ध गराउँदा लाग्ने खर्च र समयका बारेमा उचित योजना बनाउन सकिन्छ ।

**५. सम्भावित माग**

कुनै निश्चित ग्राहकहरू कुनै वस्तु तथा सेवाका बारेमा उत्साहित देखिएका भरमा मात्र लागनीको निर्णय गर्नु कदापि परिपक्व काम हुन सक्दैन । आफ्ना सम्भावित ग्राहकको सङ्ख्या कति छ, ती ग्राहकहरूलाई सोही प्रकृतिका वस्तु तथा सेवा उपलब्ध गराउने प्रतिस्पर्धीहरूको क्षमता कति छ, सम्भावित माग एवं आपूर्तिका बिचमा कति अन्तर छ तथा सो अन्तर पूर्ति गर्नका लागि अन्य व्यवसायीहरू तत्काल आउन सक्ने सम्भावना कति छ, वर्तमानमा रहेको अन्तर पूरा गरेर मात्र आफ्नो व्यवसाय नाफामा सञ्चालन हुन सक्ने सम्भावना कति छ आदि विषयमा विश्वसनीय जानकारी हासिल गरेर मात्र लगानीको निर्णय गर्नुपर्दछ ।

**६. प्रविधि तथा प्राविधिक जनशक्तिको उपलब्धता**

दिनानुदिन विकास भइरहेका प्रविधिहरूले उत्पादन प्रक्रियालाई सरल र किफायती बनाइरहेका हुन्छन् । यसरी विकास भएका प्रविधिको अनुसरण नगरी अगाडि बढेमा उद्योगको प्रतिस्पर्धात्मक क्षमता कमजोर हुन जान्छ । त्यसकारण आफ्ना उत्पादनका बारेमा कस्ता प्रविधिहरूको विकास भएको छ र सो प्रविधि सञ्चालन गर्ने प्राविधिक जनशक्ति उपलब्धताको अवस्था के छ भन्ने बारेमा आवश्यक जनकारी सङ्कलन गर्नुपर्दछ । यसका साथसाथै प्रविधिमा गरिने खर्च र बजारमागको बिचमा सन्तुलन बन्न सक्ने अवस्था छ वा छैन भन्ने विषयमा पनि उद्यमी जानकार रहनुपर्दछ ।

**७. कच्चा पदार्थको उपलब्धता**

विशेष गरी वस्तु उत्पादन गर्ने उद्योगहरूले कच्चा पदार्थको उपलब्धताका विषयमा निकै गम्भीर अध्ययन गर्नुपर्ने हुन्छ । कुनै कच्चा पदार्थ स्थानीय स्तरमा नै उपलब्ध भए पनि त्यसको प्रयोगमा धेरै प्रकारका जटिलता रहेका हुन्छन् । कति अवस्थामा विद्यमान कानुन बाधाका रूपमा खडा हुन्छन् भने कतिपय अवस्थामा स्थानीय संस्कृति तथा सामाजिक मान्यताले कच्चा पदार्थ उत्खननलाई प्रभाव पार्न सक्दछ । अर्कोतर्फ विदेशबाट कच्चा पदार्थ आयात गर्दा देशको कानुनी प्रावधान तथा भन्सार विन्दुका जटिलता जस्ता विषयमा समेत यथेष्ट जानकारी सङ्कलन गर्नुपर्ने हुन्छ । कच्चा पदार्थका लागि एक मात्र स्रोतमा मात्र निर्भर रहनुहुँदैन । यसरी वैकल्पिक स्रोतबाट कच्चा पदार्थ प्राप्त गर्दा यसबाट बजार मूल्यमा पर्न सक्ने असरका बारेमा समेत उद्यमीले अध्ययन गर्नुपर्दछ ।

**८. सम्भावित खर्च**

नवउद्योगीले उद्योग सुरु गर्दा कच्चा पदार्थ, मेसिनरी, जमिन आदि जस्ता खर्चका मुख्य शीर्षकहरूमा मात्र ध्यान पुऱ्याउने तर अन्य नदेखिने साना शीर्षकका खर्चहरूमा विचार नगर्ने गरेका दृष्टान्तहरू धेरै पाइन्छन् । यस कारण हाम्रा युवाहरूले सुरु गरेका धेरै व्यवसायहरू छोटो समयमा नै सङ्कटग्रस्त हुने गर्छन् । यस समस्याबाट छुटकारा पाउनका लागि व्यवसाय सञ्चालन गर्नुपूर्व नै अध्ययन, अनुसन्धनमा महत्त्वपूर्ण समय र ठूलो धनराशि खर्च गर्नुपर्ने हुन्छ ।

**९. उचित व्यवस्थापन**

अल्पविकसित राष्ट्रहरूका लागि व्यवस्थापन अत्यन्त ठूलो चुनौती हो । जनशक्ति व्यवस्थापन, उत्पादन प्रक्रियाको व्यवस्थापन, बजार व्यवस्थापन, कच्चा पर्दाथको खरिद आदि जस्ता विषयमा पूर्व अध्ययनविना व्यवसाय सुरु गर्दा उद्योगमा सफलता प्राप्त गर्न असम्भवप्रायः हुन्छ । त्यस कारण लगानीका लागि हतार नगरी उद्योगमा प्रवेश गर्न चाहने व्याक्तिहरूले यस विषयमा सहयोग प्राप्त लिन सरकारी एवं गैरसरकारी निकायहरूको सहयोग र समन्वयका लागि मेहनत गर्नुपर्ने हुन्छ ।

**निष्कर्ष**

नयाँ उद्योग सुरु गर्नु अत्यन्त गर्वको विषय हो । तर उद्योग सञ्चालन गर्नका लागि निकै महत्त्वपूर्ण सुझबुझ तथा अध्ययनको आवश्यकता पर्दछ । नवप्रवेशी उद्यमीले मात्र नभई अनुभवी र सफल उद्यमीले पनि नयाँ उद्योग सञ्चालन गर्नका लागि विज्ञहरूको सहयोगमा आवश्यक तथ्याङ्कको सङ्कलन र विश्लेषणसहितको व्यावसायिक योजना तयार गरी उचित देखिएका क्षेत्रमा मात्र लगानी गर्नुपर्दछ ।